नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

**विषयः स्थानीय तहमा खेल पूर्वाधार निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

सूचना प्रकाशन मिति २०७६/०५/०४

नेपाल सरकारको खेलकुद विकाससँग सम्बन्धित नीति तथा कार्यक्रममा स्थानीय तहमा दीर्घकालीन महत्वका खेलग्रामको निर्माण, विकास र विस्तार गर्ने कार्यलाई तीब्रता दिने भनी उल्लेख भए बमोजिम खेलकुद पूर्वाधार निर्माणका लागि एक स्थानीय तह एक खेलग्रामका रुपमा विकास गर्न आवश्यक खेल विधा अनुसारका खेल मैदान (फुटबल मैदान, क्रिकेट मैदान, भलिबल मैदान) आदि कबर्डहल, ट्राक एन्ड फिल्ड, वाकिङ्ग रुट/फुट ट्रेल, स्वीमिङ्ग पुल र विचरण पार्क लगायतका खेल पूर्वाधार) निर्माण गर्नका लागि स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि २०७५ को अनुसूची १ बमोजिमको ढाँचामा उल्लेखित फारमका साथ आवश्यक कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस मन्त्रालयको खेलकुद पूर्वाधार विकास शाखामा प्रस्ताव पेश गर्नका लागि सम्बन्धित सबै स्थानीय तहको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी तथा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन। विस्तृत जानकारीको लागि खेलकुद पूर्वाधार विकास शाखाको फो.नं. ०१-४२००५५० मा सम्पर्क गर्न तथा मन्त्रालयको वेभसाइट www.moys.gov.np मा पनि हेर्न सकिनेछ।

*पुनश्च: रीत पुगी दर्ता हुन आएका प्रस्तावहरुको प्राथमिकताका आधारमा छनौट गरिने व्यहोरा जानकारी गराउदै यसभन्दा अघि मन्त्रालयमा प्राप्त हुन आएका स्थानीय तहमा खेल पूर्वाधार निर्माणका प्रस्तावहरुका हकमा पुन: प्रस्ताव पेश गर्न नपर्ने तर कुनै कागजात अपुग भएमा पेश गर्न सकिनेछ ।*